जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०१०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक १० २०६७ असार ६ गते आइतवार *Webside : www.dhadingawaj.com.np* 20 june, 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

## अभिभावक भेला सम्पन

**गजुरी (धास) ।** विद्यालयलाई आगामी दिनमाव्यवस्थित ढंगले अघि बढाउने योजना बनाउदै पातालिनी प्राथमिक विद्यालको अभिभावक भेला सम्पन्न भएको छ ।

गजुरी गाउँ विकास समिति वडा नम्बर १ मा रहेको पातालिनी प्राथमिक विद्यालको २५ औं वार्षिकोत्सवको अवसर मा आयोजना गरिएको भेलाको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द प्रसाद ढुंगानाले गर्नु भएको थियो ।

सेवा क्षेत्रभित्रका अभिभावक, विद्यार्थी र शिक्षकहरुको सहभागिता रहेको भेलामा विद्यालय हाताभित्र विभिन्न जातका विरुवाहरु रोपिनुका साथै सर सफाई गरिएको र दलित विद्यार्थीहरुलाई छात्रवृत्ति पनि वितरण गरिएको थियो ।

### धादिङका सचिवहरु आतंकित

# सबै सचिवहरुले दिए राजीनामा

**धादिङबेसी (धास) ।** धादिङका जिल्लाका पचासवटै गाउं विकास समितिका सचिवहरुले सामुहिक रुपमा राजीनामा दिएका छन् ।

धादिङबेसिमा शुक्रवार सम्पन्न भएको गाविस सचिवहरुको भेलाले गाविस सचिवहरु कार्यक्षेत्रमा असुरक्षित भएको भन्दै सामुहिक राजिनामा दिने निर्णय गरेको गाउँ विकास समिति सचिव हकहित संरक्षण केन्द्र नेपाल धादिङका अध्यक्ष तिर्थबहादुर दुवाडीद्वारा हस्ताक्षरित पत्रमा उल्लेख गरिएको छ ।

असुरक्षाको महसुस गर्दै जिल्लाको ५० वटै गाविसमा काम गरिरहेका २४ जना सचिवहरुले सामुहिक राजीनामा दिएको गाविस सचिवहरुको संगठन गाउँ विकास समिति सचिव हकहित संरक्षण केन्द्र नेपाल धादिङका अध्यक्ष तिर्थ दुवाडीले बताउनु भएको छ। संयुक्त जातीय मुक्ति मोर्चा नेपालले गाविस सचिवहरुको संगठन गाउँ विकास समिति सचिव हकहित संरक्षण केन्द्र नेपाल, धादिङको नाममा २०६७ जेष्ठ २४ गते पत्र पठाई सबै गाविस सचिवहरुलाई तुरुन्त राजीनामा




दिन र बेवास्ता गरिएमा जस्तो सुकै कारवाही गर्न पछि नपर्ने बताएको थियो ।

विगत केही समय यता धादिङमा संयुक्त जातीय मुक्ति मोर्चाले गाविस कार्यालयमा बम राख्ने, तोडफोड गर्ने, चन्दा माग्ने जस्ता गतिविधी तिव्र पार्दै आएको छ । यस बिचमा संयुक्त जातीय मुक्ति मोर्चा नेपालले छत्रेदेउराली र नौविसे गाविसमा बम राखेर आगजनी गर्नुका साथै आगा, । खोलाबाट ढुंगा, गिट्टि बोक्ने तीनवटा टिपर समेत जलाएको थियो ।

यसरि विभिन्न किसिमका घटनाक्रमका कारण सचिवहरु असुरक्षित बन्दै गैरहेको अवस्थामा राजीनामाको माग भएपछि आफुहरुले सामुहिक राजीनामा दिएको सचिवहरुले बताएका छन् । गाविस सचिवहरुले सामुहिक राजीनामा दिएपछि यसको प्रत्यक्ष प्रभाव सर्वसाधारणमा परेको छ । टाढा-टाढाबाट नागरिकता, जग्गा लेनदेन, जन्म-बिबाह-मृत्यू दर्ता जस्ता अत्यावश्यकीय कागजात बनाउन आउने सर्वसाधारण मर्कामा पर्ने भएका छन् ।

यसैबिच शुत्रवारै धादिङ बेसिमा सम्पन्न गाउँ विकास समिति सचिव हकहित संरक्षण केन्द्र नेपाल जिल्ला कार्य समिति धादिङको बैठकले सिरहको ववरजंग गाविसका सचिव इन्द्रकुमार श्रेष्ठको हत्याको बिरोध गर्दै दोषि माथी कारवाहिको माग गर्दै यहि असार ६ गते सम्म कार्यलयका काम कारवाहि बन्द गर्ने निर्णय समेत गरेको छ ।

# मैनबत्ति बनाएर आय-आर्जन गरिने




**सल्यानटार (धास) ।** सल्यानटारका बासिन्दाहरुले अब मैनबत्ती बनाएर आयआर्जनको बाटोमा अघि बढ्ने भएका छन् ।

मैनबत्ती बनाउनका लागि सल्यानटारबासीहरु आजबाट तालिममा सहभागि भएका छन् । यूवा तथा खेलकुद मन्त्रालय र आवाज अभियान नेपालको साझेदारीमा सल्यानटार साना किसान कृषि सहकारी संस्थाका सदस्यहरुका लागि आजबाट तालिम सञ्चालन गरिएको हो ।

धादिङका प्रमुख जिल्ला अधिकारी भरत पौडेलले सल्यानटार गाउँ विकास समितिमा आज एक कार्यक्रमकाबिच तालिमको उद्घाटन गर्नुभयो । युसैगरि सिप विकास तालिम केन्द्र र आवाज अभियान नेपालको सहयोग तथा सल्यानटार साना किसान कृषि सहकारी संस्थाको व्यवस्थापनमा भोलिबाट मैनबत्ति निर्माण तालिम सञ्चालन हुने आयोजकले बताएको छ । दुबै तालिमको उद्घाटन कार्यक्रममा स्थानीय विकास अधिकारी शंकर नेपाल र गैसस महासंघ धादिङका सचिव हरिराम लोहनीले सिकेको सिपलाई व्यवसायिक रुपमा अघि बढाउन सहभागिहरुलाई आग्रह गर्नुभयो ।

सल्यानटार साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष फणिकान्त छत्कुलीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा आवाज अभियान नेपालका कोषाध्यक्ष नवराज छत्कुलीले तालिमको उद्देश्य बारे बताउनु भएको थियो ।

## विद्यार्थीहरु कक्षाकोठामै विरामी परे

**बुढाथुम (धास) ।** जिल्लाका विभिन्न विद्यालयहरुमा विद्यार्थीहरु कक्षाकोठामै विरामी पर्ने र बेहास हुने समाचारहरु आइरहने क्रममा महेन्द्ररत्न निमावि बुढाथममा पनि विद्यार्थीहरु विरामी परेको खवर प्राप्त भएको छ ।

विद्यालयको कक्षा ६,७ र ८ मा पढिरहेका ९ जना विद्यार्थी कक्षाकोठामै विरामी परेका छन् । विद्यार्थीहरुमा मुर्छा पर्ने, केहि समय बेहोस हुने, अत्यधिक टाउको दुख्ने, पेट पोल्ने, ज्वरो आउने, छटपटि हुने लगायतका समस्या देखापरेको बताइएको छ । यस अघि पनि दुई जना विद्यार्थीलाई यस्तो समस्या आएपछि बुढाथुम स्वास्थ्य चौकिमा उनीहरुको उपचार भैरहेको छ ।

विरामी परेका विद्यार्थीहरुलाई पनि सोहि स्वास्थ्य चौकिमा लगि उपचार गराइरहेको विद्यालयले जनाएको छ । विद्यालयमा क्रमिक रुपमा यस्तो समस्या आउन थालेपछि तीन दिनका लागि विद्यालय बन्द गरिएको थियो भने के कारणले यस्तो समस्या आएको हो थाहा हुन सकेको छैन ।

## विपदको पूर्व तयारी

**नुवाकोट (धास) ।** नुवाकोट जिल्लाका विभिन्न १८ वटा विद्यालयहरुमा तीन दिने विपद पूर्व तयारी कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी नुवाकोट र भुकम्प प्रविधि राष्ट्रिय समाज नेपालको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । विद्यार्थीहरुलाई प्रकोप नियन्त्रण र यसबाट बच्ने उपायका बारेमा जानकारी गराउने उद्देश्यले गरिएको तालिममा कक्षा ८, ९ र १० का ३० जना विद्यार्थीहरुलाई तालिम प्रदान गरिँदै आएको नेपाल रेडक्रस सोसाइटी नुवाकोटका सभापति गणेश नेपालले जानकारी दिनुभयो ।

धादिङ आवाज साप्ताहिक प्रत्रिका अव
*Webside : www.dhadingawaj.com.np* मा पनि

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. शर्मा दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङ : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

## सम्पादकीय.........

# सार्वजनिक सुनुवाईको महत्व

सर्वाजनिक सुनुवाईको आफ्नै महत्व र मर्म छ । कुनै पनि कार्यको सार्वजनिक सुनुवाई पछि त्यसको असल र खराब पक्षको जानकारी प्राप्त हुन्छ । यसबाट सेवा प्रदायक र सेवा ग्राही बीच सम्बन्ध सुधार्न ठूलो सहयोग मिल्छ । खराब कार्यको अन्त्य र असल कार्यको प्रोत्सान सार्वजनिक सुनुवाईबाट प्राप्त हुन्छ । तर हामीले गर्ने गरिएको सार्वजनिक सुनुवाई केबल औपचारकिता मात्र बन्ने गरेको छ । यसलाई न सेवा प्रदायकले महत्व ठानेको छ न सेवा ग्राहीले ।

सेवा प्रदायकले भन्दा पनि बढी चासो यसमा सेवाग्राहीले देखाउनु पर्ने हो, तर त्यसो हुन सकिरहेको छैन । यसमा दुईवटा कारण हुन सक्छ, एउटा सर्वजनिक सुनुवाईको महत्व नबुझ्नु, अर्को सूचनाको कमि हुनु । महत्व नबुझेको हो भने यसको महत्व कसले बुझाउने हो त्यसले आफ्नो जिम्मेवारी, पूरा किन गर्दैन ? सरकारी, गैरसरकारी र संचार सबैले साझा दायित्व जानकारी गराउने हो । यस संगसँगै अर्को के कुरा जोडिन्छ भने सार्वजनिक सुनुवाई प्रभावकारी नहुनुमा सेवाग्राहीबाट आएका जिज्ञासा, गुनासाहरुलाई वेवास्ता गरिनु पनि हुन सक्छ । सेवा ग्राहीमा नैरास्यता आउन सक्छ यसबाट । कँहि कतै यस्तो भएको पनि पाइन्छ । त्यसैले गर्दा पनि सार्वजनिक सुनुवाई औपचारीकता र महत्वहिन हुने गरेको छ ।

अब हामीले यसमा सुधार ल्याउन जरुरी छ । सबै वर्ग,क्षेत्र, सम्प्रदायका सेवा ग्राहीलाई सँगै सेवा प्रदायक सरकारी, गैरसरकारी, ती सबै क्षेत्रलाई यसको महत्व र गरिमाको विषयमा जानकारी गराउन सबै आ-आफ्नो क्षेत्रबाट लागि पर्नुपर्छ। आशा गरौं आगामी दिनमा यसमा सुधार आउने छ ।

# अनुत्तरित प्रश्नहरूको घेराभित्र भक्तमान

## दृष्टिकोण

✍.अनन्त पौडेल

बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. भक्तमान श्रेष्ठ अपहरणमा परेको घटनाले १९ दिनसम्म सिङ्गै मुलुक छट्पटीमा पर्‍यो । राजनीतिक क्षेत्र, चिकित्सा क्षेत्र, सुरक्षा अङ्ग, आम नागरिक समाज, सञ्चारमाध्यम सबैले अपहरणप्रति चिन्ता र चासो व्यक्त गर्दै सकुशल मुक्तिको आग्रह गरे । साथै दबाबपूर्ण कार्यक्रमरु पनि जारी राखे । सरकार र नागरिक समाजका तर्फबाट खोजीका लागि आयोगहरू बने । नागरिक समाजका तर्फबाट बनेको आयोगले भक्तमान सकुशल रहेका र अपहरणकर्ताहरू एकीकृत माओवादीका कार्यकर्ताहरू हुनसक्ने र अपहरण सुनियोजित र सङ्गठित तवरले गरिएकोतर्फ सङ्केत गरे । नागरिक समाजद्वारा व्यक्त यो विषयलाई समाचार बनाएर छापेबापत नागरिक दैनिक पत्रिका र रिपब्लिकामाथि वाईसीएलद्वारा आक्रमण भयो । सबैतिरबाट एमाओवादीमाथि औंला ठडिन थालेपछि अपहरणलगत्तैदेखि भक्तमानको निवास वरिपरि देखिएको माओवादी चलखेल पार्टीका तर्फबाट छुट्टै आयोग बनाउने तहसम्म आइपुग्यो ।

डा. भक्तमानको रहस्यमय अपहरण र रहस्यमय रिहाइको सन्दर्भसूगै एकीकृत माओवादी र राज्यप्रति गम्भीर यक्ष प्रश्नहरू उपस्थित भएका छन् । राज्यले यी प्रश्नहरूको उत्तर दिनैपर्छ । भक्तमानको अपहरण किन भयो ? आर्थिक कारण हो वा अन्य कारण ? फिरौती लिइयो कि लिइएन ? लिएको भए कति ? आपराधिक समूह को थियो भक्तमानद्वारा वर्णित हो वा होइन ? अपहरणको १९ दिनसम्म राज्यका संयन्त्रहरूले सुईंकोसम्म नपाउनुले अपहरणकारीहरूको शक्ति र पहुचको अवस्था के हो ? चितवनदेखि पोखरा जाने दुईवटा राजमार्ग छन्, मुग्लिन हुदै वा बुटवल हुदै । जहाूबाट गए पनि पोखरासम्म पुग्दा राज्यको तर्फबाट आवतजावत गर्ने सवारीको अभिलेख किन राखिएन ? कहीू स्थानीय तहको सुरक्षा अङ्गको पनि आपराधिक समूहसूग मिलेमतो त छैन ? यस्ता प्रश्नहरूको उत्तर राज्यबाट आउनैपर्छ । एकीकृत माओवादी पनि अनेकौं आशङ्का र प्रश्नहरूको घेराभित्र छ । अपहरण, फिरौती र हत्यालाई कार्यशैली नै बनाएर हिूड्ने र अहिले पनि अर्धसैन्य दस्तालाई ब्यारेकीकरणमा राखिरहेको, समस्या समाधानका लागि पार्टीभित्र होस् वा बाहिर, बल प्रयोगलाई प्राथमिकता दिने, आफ्नै कार्यकर्ता रामहरि श्रेष्ठको आर्थिक कारणबाट भएको निर्मम हत्या प्रकरण, अपरादर्शी आर्थिक लेनदेनका घटनाहरूसूगको निरन्तर संलग्नता, डा. भक्तमानको अपहरण प्रकरणबाट माओवादी पङ्क्तिभित्र उत्पन्न व्यापक तरङ्ग आयोगको गठन, आयोगको प्रतिवेदन सार्वजनिक भएलगत्तै भक्तमान अपहरण मुक्त हुनु, भक्तमान स्वयम् एमाओवादी समर्थक हुनु र स्थानीय नतृत्वसूग अन्तरविरोध बढ्नुलगायतका कारणले भक्तमानको अपहरणसूग एमाओवादी जोडिएको छ ।

हुन त यस्ता घटनाहरूमा एकीकृत माओवादीले अवलम्बन गर्ने कार्यशैलीाट आम नेपाली अपरिचित छैनन् । घटनामा आफ्नो पार्टी वा कार्यकर्ताको संलग्नताको पुष्टि हुन आएमा गल्ती स्वीकारि दिने अन्यथा चुनौती दिूदै हिूड्ने । डा. भक्तमानको अपहरणको सन्दर्भमा पनि एकीकृत माओवादीको संलग्नता आम नेपालीको अन्तरमा पुष्टि भएको तर मुखले प्याट्ट भन्न नसक्ने अवस्थाको फाइदा उठाउूदै पानीमाथिको ओभानो बन्न खोजिरहेको भान हुन्छ । डा. भक्तमानको अपहरणको एकमात्र साक्षी स्वयम् भक्तमान हुन् । रहस्यमय अपहरण र रहस्यमण रिहाइको ताल्चा खोल्ने साूचो उनीसूग मात्र छ । दासढुङ्गा हत्याकाण्डका एकमात्र साक्षी अमर लामा भए झैं आफ्नो अपहरणको वास्तविकता र वास्तविक अपराधीको पहिचान गर्न सक्ने उनैले मात्र हो । अपहरणमुक्त भएपश्चात् भक्तमानका घटनाको बारेमा व्यक्त विचारले वास्तविक अपराधीहरू ओझेलमा पर्ने, उनीहरूको मनोबल बढ्ने अवस्थाको सिर्जना भइसकेको छ । उनी स्वयम्ले भन्न थालेका छन् सुरुमा उनले शङ्का व्यक्त गरेको समूह वा व्यक्तिको अस्तित्व पुष्टि नभएकाले वास्तविकता पत्ता लगाउन सरकारसूग आग्रह गरेका छन् । मुलुकमा अपहरण, फिरौती, चन्दा आतङ्कका घटनाहरू घटिरहेका छन् । सर्वसाधारण नागरिकमाथि घट्ने यस्ता घटनाले कुनै चर्चा पनि पाउूदैनन् र राष्ट्रिय दैनिकको भित्री पृष्ठमा समाचार छापिए विना महत्वको कुरा हुन्छ परिवार र आफन्तजनका लागि । तर भक्तमानको अपहरण प्रति सिङ्गो मुलुक किन चिन्तित भयो ?सम्पूर्ण दल, संचार क्षेत्र र नागरिक समाज एक भएर उनको सकुशल मुक्तिका लागि किन ऐक्यबद्धता प्रकट गरे ? उनको पक्षमा उर्लिएको यो संवेदना र सहानुभूतिलाई सम्मान गर्न पनि वास्तविक अपराधीको नकाब च्यात्न भक्तमान स्वयम् खडा हुनैपर्छ । भक्तमान, राज्य, नागरिक समाज र राजनीतिक दलहरूको संयुक्त प्रयत्नमा अपराधीहरू पत्ता लगाउनुपर्छ ।

अन्यथा यो घटनाले के सङ्केत गर्दछ भने अपराधीहरूले नचाहेकै कारणले मात्र हामी जो कोही सुरक्षित छौं, उसले चाहेको खण्डमा एउटा भक्तमान होइन हरेक भक्तमान असुरक्षित छ । त्यसकारण यति अहिलेसम्म उघ्रिएको अपहरणको वास्तविकतालाई सूक्ष्म अध्ययन गर्दै अपराधीसम्म पुग्ने प्रयत्न गर्नैपर्छ । यसका लागि डा. भक्तमान अघि सर्नैपर्छ । वास्तविकता पत्ता लगाउन सरकारसूग आग्रह गरेका भक्तमानले अपहरणसूग जोडिएका घटनाक्रमहरूको, स्थानहरूको, शङ्कास्पद व्यक्तिहरूको र अन्य विषयबारे सरकारलाई जानकारी गराएर सहयोग गर्नुपर्छ । अहिले बाहिर चर्चामा रहेका तर भक्तमानले मुख नखोलेका केही विषयहरू छन् । उनको अपहरण किन गरिएको थियो ? उनीहरूले फिरौती रकम लिए कि लिएनन् ? लिएको भए कति लिए ? अपहरणकारीहरूले उनका परिवारसूग फोन सम्पर्क राखेको चर्चा छ, फोनमा के कुरा हुन्थ्यो ? यी र यस्ता प्रश्नहरू जसको उत्तर तत्काल दिन सकिन्छ र दिनुपर्दछ । किन उत्तर आइरहेको छैन । एउटा काल्पनिक राजनीतिक दलको थाप्लामा सबै जिम्मेवारी बोकाइदिएर वास्तविकतामा पर्दा हालेर बस्न मिल्छ ? डा. भक्तमानको पूर्ण सुरक्षाको ग्यारेन्टी राज्यले लिएर अपराधीसम्म पुग्नैपर्छ ।

बुधबार सप्ताहिक

*jwala.mail@gmail.com*

**अनुशासन र नैतिकता विहिन व्यक्ति पशु भन्दा पनि तुच्छ हुन्छ। यसैले राष्ट्रिय जीवनका हरेक आयामहरुमा उदाहरणीय, अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैबाट त्यसको शुरु गरौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार
मन्त्रालय
सूचना विभाग

# अहिलेको नेपालको राजधानी काठमाण्डौमा प्रधानमन्त्रीको पजनी खुलेको छ

…हरिबहादुर बस्नेत

मुलुकमा आज, भन्दा भोली भोली भन्दा पर्सी क्रमिक रुपमा जनता ठुलो अन्यायमा पर्दै आएका छन् । जनतालाई फुटबल बनाइर हेका छन् । जहाँ फङ्गाल, त्याहाँ चण्डाल, भने झै गरिबी र विकासन्मोख राष्ट्रका जनतालाई जे भन्दा पनि हुन्छ जसो गर्दा पनि हुन्छ, भन्ने लागेको होलान् हाम्रा ६०१ जना माननिय विद्यायिक ज्यूहरुलाई। संसद भवनमा पुगेपछि, २ वर्ष त आँखी झ्याल डण्डी गन्न मात्र लाग्यो, मुलुकको मुल कानुन बनाउन त विभिन्न बहाना, बखडा गरी त कुटे झैं गर म रोए झैं गर्छु, भने जस्तै ६ महिना समय थप्ने प्रावधान अन्तरिम विधान २०६३ मा हुँदाहुँदै १ वर्ष ठ्याम्मै समय अवधी बढाइएको छ। के का लागि बढाइएको यो समय, दुर दराजमा रहेका जनतालाई अहिले सम्म थाहा छैन। म्याद थप्नु को त के कुरा २०६४ चैत २८ गते के का लागि निर्वाचित भएर गए हाम्रा विधायिकहरु भन्ने थाहा छैन । नेपालका झण्डै ४५ प्रतिशत जनतालाई थाहा छैन। २०६२ मंसिर ७ गते भएको १२ बुंदे २०६३ जेष्ठ १२ गतेको २५ बुंदे २०६३ असार १ गते भएको ४ बुंदे सहमति सबै ओझेलमा परी सकेका छन् । राष्ट्र र जनताले निकास पाउन निकै कम सम्भावना देखिन्छ । माओवादीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, प्रचण्डले निकै गान बजानको साथ, जिल्ला, जिल्लाबाट, ग्रामिण भेग बस्तीबाट अनिश्चित कालिन हड्तालका नाममा काठमाण्डौमा जनताको छोरा, छोरी ओसारेर ठुलै कायपलट ल्याउँछु भन्नु भएको थियो । तर उहाँ स्वंयम, आफुले जनता समक्ष माफी माग्नु शिवाय अरु केही भएन, रहेन ।

उहाँको ताम झाम जनताले सजिलै सँग तलदेखि माथि सम्मकाले बुझे सकेकी उहाँलाई दोश्रो पटक पनि प्रधानमन्त्रीको कुर्ची चाहिएको हो । जहिले, पनि जाहाँ पनि जतिखेर पनि प्रधानमन्त्री माधव कुमार नेपालको राजिनामा आउनु पऱ्यो । राष्ट्रिय सहमतिको सरकार बन्नु पऱ्यो। भन्ने अभिव्यक्ति मात्र आउँथ्यो। एउटा चाँही कुरा हो की पुष्पकमल दाहाल प्रचण्डले विभिन्न वहाना बखडा गरेर भए पनि आफ्ना दलका र अन्य दलका सदस्यहरुलाई अनिकाल मुक्त गराएका छन्। वर्ष दिन सम्मलाई हातमा धुलो न फुल्योसँग राष्ट्रिय सम्पत्ति घिच्न पाउने अधिकार सम्पन्न गराएर ।

संविधान सभाको १२ बजे बसेको बैठकले १ वर्ष समय अवधि थपी से पछाडी, नेपालको राजधानी काठमाण्डौमा प्रधानपन्त्रीको पजनी खुलेको छ। नेपाली काँग्रेसमा पनि हाइट, ओयरको प्रतिस्पर्धा छ । ने.क.पा. माओवादीमा पनि त्यस्तै प्रतिस्पर्धा छ । एमालेमा पनि आफ्नो पार्टी पङ्तीमा प्रतिस्पर्धा नै छ। असार मा डुल्ने र पजनीमा भुल्ने छोरा काम छैन भन्ने उक्ति बुढापाकाहरुबाट सुनिने गर्थ्यौं, आज तिनै उक्तिहरु सिद्ध सावित भएको छ। मुलुक लुट, हत्या, बलात्कार र अपहरणको अखडा बनेको छ। घट्दो भन्दा बढ्दो छ ।

प्रधानमन्त्री बन्नका निमित्त ६०१ जना मतदाताहरुबाट र्निवाचित हुनका निमित्त ठुलै धनराशी खर्च गर्नुपर्ने होला । प्रधानमन्त्री बनेको भोलिपल्ट देखि भ्रष्टचारको मैलो बढाउने पर्ने होला । तर पनि हाम्रो देशका राजनेताहरुले त्यती विध्न चिन्ता गर्नुपर्ने छैन। किनभने अन्तराष्ट्रिय सुचीमा नेपाल भ्रष्टचार गर्ने देश मध्ये १४३ नम्बरमा सुचिकृत भई सकेको छ । त्यसकारणले गर्दा पनि हाम्रा राजनेताहरुले त्यति विध्न चिन्ताको सागरमा डुब्न पर्दैन । दुरदराजका जनता हिमनदिको पानीका भर मा बाँच्ने छन्। बाँच्ने पनि छन्। होइन भने हुम्ला, जुम्ला, डोल्पाका जनताले नुन पाए छैनन् सबभन्दा महत्वपूण कुरा शान्ती पाएका छैनन् । लुट हत्या, अपहरणका खेलले आज मुलुकमा मुर्दा शान्तीले छाएका छ ।

# क्षेत्र नम्बर १ मा सार्वजनिक सुनुवाई

**धादिङ (धास) ।** धादिङको निर्वाचन क्षेत्र नम्बर १ मा जिल्ला विकास समिति धादिङद्वारा गत आर्थिक वर्ष ०६५/०६६ मा सञ्चालन गरिएका विभिन्न योजनाहरुको आज सार्वजनिक सुनुवाई गरिएको छ ।

सल्यानटार गाउँ विकास समितिको कार्यालय प्राङ्गणमा आज गरिएको सावएजनिक सुनुवाइ कार्यक्रममा उपभोक्ताहरुले विकास योजना र जिविस धादिङले प्रदान गर्ने सेवाका बारेमा जिज्ञासा राखेका थिए । सार्वजनिक सुनुवाइमा धादिङ-सल्यानटार सडक ओटासील र नालाको व्यवस्था, निर्माणाधिन विद्युत सव स्टेशनमा भैरहेको ढिलाई, सल्यानटारको चर्को खानेपानीको समस्या, विभिन्न सडक निर्माणमा भएको कमिकमजोरीका बारेमा कार्यक्रमका सहभागिहरुले जिज्ञासा राखेका थिए ।

कार्यक्रममा आएका जिज्ञासाहरुको स्थानीय विकास अधिकारी शंकर नेपालले जवाफ दिनु भएको थियो भने राजनीतिक दलका प्रतिमिधिहरुले जनताको पक्षमा विकास योजनाहरु निर्माण गर्ने प्रतिवद्धता जनाएका थिए । सार्वजनिक सुनुवाई जिल्ला कार्यदल धादिङको समन्वयमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरत पौडेलको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला ईञ्जिनियर गुरुप्रसाद शर्मा, गैसस महासंघका अध्यक्ष हरिराम लोहनी, सञ्चारकर्मिहरु सिताराम अधिकारी र नवराज छत्कुलीले सार्वजनिक सुनुवाईको उद्देश्य र महत्वको बारेमा बताउनु भएको थियो ।

## धादिङका महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| धादिङ अस्पताल | ५२०१३० | **एम्बुलेन्स सेवा** | |
| शहिद मेमोरियल अस्पताल | ५२०२८३ | धादिङबेंसी | ५२०१५० |
| राजमार्ग सामुदायिक अस्पताल | ५२९२८७ | गजुरी | ५२९१७८ |
| धादिङ सामुदायिक अस्पताल | ५२०२४६ | मलेखु | ५२९२८७ |
| गजुरी अस्पताल | ५२९११२ | बैरेनी | ५२९१६२ |
| जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र | ५२०२७८ | आरुघाट एम्बुलेनस | ०१९५३४५०४ |
| प्राथमिक स्वास्थ्य केन्द्र गजुरी | ५२९१७८ | ने या स्व म संगठन पृथ्वी राजमार्ग | |
| वेनिघाट स्वास्थ्य चौकी | ९८४१५०९३९३ | इकाई धार्के (शवबहान एम्बुलेन्स) | ९८४१५१९६६६ |
| खानीखोला एम्बुलेन्स | ०१६-२०४१२४ | धादिङ आवाज साप्ताहिक | ०१०-५२०६१५ |
| सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्र | ०१०६९०११५ | ग्रामिण यातायात | ०१०-५२०९७४ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ | रेडियो धादिङ | ०१०-५२०९६० |
| ईलाका प्रहरी कार्यालय गजुरी | ५२९१६० | रेडियो लोकतन्त्र | ०१०-५२०२७१ |
| ईलाका प्रहरी कार्यालय खानीखोला | ५२९१२६ | रेडियो कृषि | ०१६-२१४४३९ |
| जिल्ला कारागार शाखा | ५२०२४० | रेडियो विहानी | ०१०-५२०९९७ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१३३ | जनमुक्ति साप्ताहिक | ०१०-६९०८४८ |
| नेपाल रेडक्रस सोसाइटी | ५२०१३७ | मंगल प्रभात किरण | ०१०-५२०४४० |
| यातायात व्यवसायी संघ | ५२०११९, ५२०६०९ | नेपाल पत्रकार महासंघ | ०१०-५२०७३० |
| माइक्रोबस व्यवसायी संघ | ५२०३८७ | गैसस महासंघ | ०१०-५२००४९ |

# सालवास उच्च माविले वार्षिक योजना मनायो

**चैनपुर (धास) ।** चैनपुर गाउँ विकास समिति वडा नम्बर ३ मा रहेको सालबास उच्च माध्यमिक विद्यालयमा बार्षिक कार्ययोजना निमार्ण सम्बन्धि कार्यशाला गोष्ठि सम्पन्न भएको छ ।

दिर्घजिवन बाल क्लबका अध्यक्ष रमेश आलेको अध्यक्षतामा भएको कार्यक्रममा शैक्षिक सत्र २०६७ भरि बाल क्लबले गर्ने कार्यक्रमहरु तयार पारिएको थियो । कार्यक्रम सम्पन्न गर्न सुभास आलेको संयोजकत्वमा अर्थ संकलन उपसमिति,मञ्जु परियारको संयोजकत्वमा भित्तेपत्रिका प्रकाशन उपसमिति तथा संम्झना रानाको संयोजकत्वमा सांस्कृतिक उपसमिति गठन गरिएको छ ।

दिर्घजीवन बाल क्लबको आयोजनामा भएको गोष्ठिमा एकिकृत सामुदायिक विकास समाज धादिङ (आई.सि.डी.सि) का शालिग्राम दुवाडी र ग्रीन क्लबका सहयोगी शिक्षक विजय कुमार केसीले विषयवस्तुका बारेमा आवश्यक जानकारी गराउनु भएको थियो ।

# जनशक्ति माविमा जुरेस गठन

**गोरखा (धास) ।** गोरखा जिल्ला नामजुङ गाउँ विकास समितिमा रहेको जनशक्ति माध्यमिक विद्यालयमा आज नेपाल जुनियर रेडक्रस सर्कल इकाइ गठन गरिएको छ ।

सुवासमान सिंह बस्नेतको अध्यक्षतामा गठन गरिएको इकाइ एघार सदस्सिय रहेको छ ।

नवगठित रेडक्रस सर्कलको उपाध्यक्षमा विकास जंग थापा,सचिवमा समिर दुवाडी, कोषाध्यक्षमा निषा भण्डारी र सह सचिवमा रामप्रसाद काप्री रहनुभएको छ । इकाइ गठन कार्यक्रममा विद्यालयका प्रधानअध्यापक चिरञ्जिवि काप्रिको पनि उपस्थिती रहेको थियो ।

# जाँगर भए माटोमा सुन फल्छ

**कल्लेरी (धास) ।** जाँगर भए माटोमा सुन फल्छ भन्ने उक्तिलाई एकजना महिलाले साकार पार्नु भएको छ । आर्थिक अवस्था कमजोर भएकि धादिङ कल्लेरी-६ कि अम्विका रानाले तरकारी खेति गरेर राम्रो आम्दानी लिन सफल हुनु भएको छ ।खेती गर्नका लागि अम्विकासंग जग्गा पनि नभए पछि अर्काको जग्गामा अधियाँ गरेर उहाँले व्यवसायिक तरकारी खेती गर्नु भएको हो ।

पाँच कक्षा पढेपछि पढ्न छाडेर खेतीपातीमा जीवन बिताइरहनु भएकि १८ वर्षीय अम्विकाले छिमेकि भरत भुजेलको एक रोपनी जति जग्गामा खेती गरेर तरकारी उत्पादन र विक्रि गर्नु भएको छ । यो सिजनमा कांक्रो विक्रिबाट मात्र अम्विकाले पाँचहजार भन्दा बढि आम्दानी लिनु भएको उहाँ बताउनु हुन्छ । खेतीका लागि घर परिवारले केहि काम सघाएको भएपनि अधिकांश काम आफैंले गरेको पनि अम्विका बताउनुहुन्छ ।

तरकारी खेतीबाट गरेको आम्दानीले अम्विकाले भाइबहिनीको पढाई खर्च र घर खर्च चलाउने गर्नु भएको छ ।तरकारीखेती गर्ने जग्गामा सिंचाइको व्यवस्था नहुँदा उहाँले आफ्नै खर्चमा पाइपबाट पानी ल्याई सिंचाई पनि गर्नु भएको छ। नजिकमा बजार नहुँदा यसरी उत्पादन गरेको तरकारीहरु डोकोमा बोकेर दुई घन्टाको उकाली ओराली हिंडेर बजार पुऱ्याउनु पर्ने वाध्यता रहेको छ। कहिलेकाहिं त प्रति किलो दुई रुपैयाँमा भरियालाई बोकाएर लैजाने गरेका छन् ।

# सहकारी संस्थाले अब आफ्नै कार्यालयबाट सेवा दिने

**मुरलीभञ्ज्याङ (धास) ।** मुरलीभञ्ज्याङ गाउँ विकास समिति वडा नम्बर १ मा स्थापना गरिएको रामकोट वचत तथा ऋण सहकारी संस्थाले अब आफ्नै कार्यालयबाट सेवा दिने भएको छ।

सहकारी संस्थाको कार्यालयको ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति फण्डबोर्डका अध्यक्ष भिमप्रसाद ढुंगानाले एक कार्यक्रमका बिच उद्घाटन गर्नु भयो । संस्थाका अध्यक्ष हेमराम श्रेष्ठको अध्यक्षतामा भएको कार्यालय उद्घाटन समारोहमा संस्थामा एकसय १८ जना शेयर सदस्य र दशलाख चालु पुँजि रहेको जानकारी गराइएको थियो ।

कार्यक्रममा रेडियो धादिङका बजार संयोजक नवराज छत्कुली, विभिन्न राजनीतिक दलका गाविस स्तरीय प्रतिनिधिहरु, छिमेकि सहकारी संस्थाका प्रतिनिधिहरु लगायतले सहकारी संस्थाको प्रगतिको कामना गर्नु भएको थियो ।

# आजको आवश्यकता नैतिक र आध्यात्मिक शिक्षा



✍ ... माधव बन्जाडे

हामी एकाइसौं सताब्दिमा शिक्षा कस्तो हुनुपर्दछ भनेर बहस गर्दैछौं । साँच्चै भन्ने हो भने आजको शिक्षा कस्तो हुनु पर्ला ? के कस्ता विषयहरु आजका ज्वलन्त विषयवस्तुहरु हुन ? विद्यार्थीहरुमा कुन कुन पक्षको विकासमा जोड दिनु पर्छ होला ? यि र यस्तै अनेकौं प्रजनहरुको थुप्रो हामीसामु छ । प्राय : मानिसहरुले सजिलै भन्ने गदर्छन् आधुनिक युगमा औधोगिक, प्राविधिक, व्यवसायिक र सीपमुलक शिक्षाको विकास नै आजको आवश्यकता हो । तर विश्व चरम भौतिकवादी, प्राविधिक र यान्त्रिक खालको हुन पुग्दा समाजमा यसका असर र प्रभावहरु नपरेका होइनन् । विश्वव्यापिकरण, बहुराष्ट्रिय पुँजिवादीकरण र औधोगिकरणको प्रभाव स्वरुप आज मानिसमा नैतिकता, चरित्रता, मानवीयता र आध्यात्मिक चिन्तनको अभाव खड्केको छ ।

विश्वव्यापीरुपमा फैलिएको युद्ध, अशान्ति, अस्वस्थ्य प्रतिस्पर्धा, घमण्ड र स्वार्थले कुनदिन यो संसारै निल्ने हो विश्व संत्रस्त छ । मानवहितकै लागि भनेर विकास गरिएका टेलिभिजन, साइवर फिल्म जस्ता आधुनिक प्राविधिक विकास विस्तारै मानवीय टाउको दुखाइको विषय बनिरहेको छन् । त्यसैले विश्वव्यापि रुपमा आज नैतिक र आध्यात्मिक शिक्षाको आवश्यकता महसुस गरिएको छ । हुन त केही शिक्षा विदहरुले व्यक्तिगत स्वतन्त्रता र शिक्षामा प्रजातान्त्रिकीकरणको वकालत गर्दै नैतिक र आध्यमिक शिक्षालाई आउट डेटेड मान्दछन तर समाजमा दिनानुदिन बढ्दै गइरहेको अपराधिक मानसिकता, अस्वस्थ्य प्रतिस्पर्धा, लडाई, झै-झगडा वैमनस्यता आदिले के संकेत गर्दछ भने नैतिक र आध्यमिक शिक्षाको आवश्यकता झन टड्कारो भएको छ ।

स्मरणीय छ यहाँ नैतिकता र आध्यात्मिकताको अर्थ निरंकुशता र कडा अनुशासन भने होइन । हाम्रो समाजमा एउटा उखान छ “मानिस पढेको होइन सडेको हो ।” के यो उक्ति पूर्णतया गलछ छ ? होइन भने दिनानुदिन हाम्रो विद्यालय रुपी कार खानाले कस्ता उत्पादन बजारमा पठाएको छ ? शिक्षाले मानिसलाई सभ्य बनाउँदै छ कि असभ्य जंगलि र अराजक ? गंभिर प्रश्नहरु हाम्रा सामु उठेका छन् । त्यसो त यि सबै अराजकताको दोश शिक्षा र शिक्षकलाई मात्र दिन मिल्दैन तै पनि के शिक्षित भनाउँदाहरु बढि सभ्य छन त ? विश्व विद्यालयमा पढ्न भनि घरबाट दुःख सुखका साथ जोडेको पैसा लिएर वर्षभरिनै कक्षामा अनुपस्थित हुने सक्रिय राजनैतिक कार्यकर्ताहरुले नै किन फेल भएको निहुँमा विश्वविद्यालयका विभागहरु जलाउँछन ? के यसमा उनीहरुको मात्रै दोश छ ? अवश्य नै होइन वास्तवमा यो त शिक्षामा नैतिकता र आध्यत्मिकता सम्बन्धि सवालले कम महत्व पाउनुको परिणाम हो ।

विगत केही वर्ष यताको प्रवेशिका परीक्षाको नतिजालाई आधार मान्ने हो भने विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत र प्राप्ताङ्कमा सुधार आएको देखिन्छ । तर त्यतिकै सन्तुष्टि लिने ठाउँ छैन । वरु हाम्रा विद्यालय र विश्वविद्यालयका उत्पादनहरु दिनानुदिन अराजक, अनैतिक र अमानवीय बन्दैछन् । विद्यार्थीहरुले आफ्ना शिक्षकहरु प्रति गर्ने व्यवहार सकारात्मक नभई अराजक र अनैतिक बन्दै गएको छ । परीक्षामा चिट चोर्न नदिएको निहुँमा परीक्षा बहिस्कार गर्ने शिक्षकलाई धम्किदिने, कालोमुशो दल्ने, चक्कु देखाउने आदि क्रियाकलाप सामान्य भैसकेका छन् । गुरु देवो भवः को सट्टा गरु दैव भवः भएको छ । त्रि.वि.का उपकुलपति माथि गरिएको अभद्र व्यवहार ताजै छ । के त्यसको कुनै अर्को विकल्प थिएन होला ? यस्ता विद्यार्थीहरुबाट समाज र राज्यले भविष्यमा के कस्तो अपेक्षा गर्ने ?

विश्वव्यापी रुपमा हेर्ने हो भने पनि आतंकवादी आक्रमणहरु, र ाजमार्ग तथा शहरहरुमा हुने आम नर संहारकारी बन्दुक काण्डहरु, ग्याङ्ग युद्ध, यौन जन्य अपराधहरु बढ्दै गएका छन् यसबाट नेपाल पनि अछुतो रहेको छैन । विश्वव्यापि रुपमा भोगिएका यस्ता अनेकौं समस्यालाई कम गर्ने एउटैमात्र उपाय छ त्यो हो नैतिक र आध्यामिक शिक्षाका जोड ।

हाम्रो जस्तो विविधतायुक्त समाजका आपसी सम्बमन्धलाई सुदृढ गर्न र सहिष्णुताको विकास गर्न पनि यसको अपरिहार्यता छ । नैतिक शिक्षाकै माध्यमबाट मानिसलाई उसको उदेश्य के हो ? उसको इतिहास के हो ? उसका मुल्य मान्यता के हुन ? धर्म संस्कृति के हुन ? भन्ने कुरा बुझाउन सकिन्छ । यदि शिक्षा मानविय हित, सामाजिक भलाई र राष्ट्रिय भावनाको लागि प्रदान गर्ने हो भने नैतिकता र आध्यत्मिकता सम्बन्धि सवाललाई कम महत्व दिनु कदापि हुँदैन । तसर्थ अवको पाठ्यक्रम तथा समग्र शिक्षा पद्यतिमा नैतिक र आध्यात्मिक शिक्षा सम्बन्धि आधारभुत तथ्यहरुलाई समावेश गरी विद्यार्थीहरुका मानवीय भावना संवेदना र नैतिकताको विकास गराउनु जरुरी छ । वर्तमान विद्यालय पाठ्यक्रममा भने यस विषयलाई त्यति महत्व दिएको पाइँदैन । निम्न माध्यमिक तहमा ५० पूर्णाङ्कको संस्कृत विषयको व्यवस्था गरिएको छ भने प्राथमिक,माध्यामिक तथा उच्च तहमा भने यसलाई औपचारिक विषयको रुपमा समावेश गरिएको पाइँदैन । त्यसैले अवको विद्यालय शिक्षाको सबै तहको पाठ्क्रममा अनिवार्य नैतिक तथा आध्यात्मिक शिक्षाको व्यवस्था गर्नु सान्दर्भिक देखिन्छ ।

*(लेखक नीलकण्ठ क्याम्पस धादिङ्गवेशीमा स्नातकोत्तर तहमा पाठ्यक्रम तथा मुल्याङ्कन विषय अध्यापनरत हुनुहुन्छ ।)*

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

## जिल्ला विकास समितिको कार्यालय

धादिङ

***प्रथम पटक प्रकाशित मिति २०६७/०३ /०३***

आ.व. २०६६/०६७ को स्वीकृत कार्यक्रम अनुसार खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत टवाईलेट निर्माण गर्नको लागि आवश्यक सामानहरु खरीद र ढुवानी गर्ने कार्य शिलबन्दी दरभाउपत्रद्धारा गराउनु पर्ने भएकोले इजाजत प्राप्त फर्म वा कम्पनी वा सप्लायर्सहरुबाट दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएकोले यस सम्वन्धी अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।

**प्रमुख जिल्ला इन्जिनियर**

# आयआर्जन समुहमा छलफल

**कुम्पुर (धास)** । जिल्लाको कुम्पुर गाउँ विकास समितिको छतेलीमा रहेको नागवेली महिला आयआर्जन समुहको आयोजनामा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

निलकण्ठ सामुदायिक अध्यनयन केन्द्रको सहयोगमा सम्पन्न छलफल कार्यक्रम समुहका अध्यक्ष हिरादेबी कडेलको अध्यक्षतामा भएको थियो । छलफल कार्यक्रम पछि समुहले सामुहिक तिल खेति गर्ने, गाउँको प्रत्येकको घरमा चर्पी हुनु पर्ने, घरवर पर सरसफाई गर्नु पर्ने, सामुहिक कार्यमा नियमित उपस्थिति हुनुपर्ने लगाएतका कार्य गर्ने सहमति जनायका छन् ।

नौ सदस्यिय नागवेली महिला आयआर्जन समुहका सदस्यहरुले यस अघि बाख्रा पालन गर्दै आएको कुम्पुर वाट भगवती कडेलले जानकारी दिनु भयो ।

# विद्यार्थीलाई टिटि खोप

**गजुरी (धास)** । गजुरी गाउँ बिकास समितिको वडा नम्वर १ आदामारमा रहेको पतालिनी प्राथमिक विद्यालयमा हिजो टिटि खोप कार्यक्रम सम्पन्न भएको छ ।

प्राथमिक स्वास्थ्य केन्द्र गजुरिको सहयोगमा विद्यालयमा कक्षा एकमा अध्यनरत ८३ जना विधार्थीहरुलाई टिटानस रोग नलागोस भनि टिटि खोप लगाईएको हो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु र शिक्षक-शिक्षीकाहरुको सहभागिता रहेको थियो ।

# स्वास्थ्य सम्वन्धि हाजिरी जवाफ

**गजुरी (धास)** । आदर्श उच्च माध्यामिक विद्यालय गजुरिमा स्वास्थ्य सँग सम्वन्धित रहेर अन्तर माध्यामिक विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

धादिङ स्वास्थ्य समाजको आयोजनामा सम्पन्न हाजिरी जवाफ प्रतियोगितामा जिल्लाको दक्षिणी भेगका आठ ओटा विद्यालयको सहभागिता रहेको थियो । प्रतियोगितामा मुनाल एकेडेमी गजुरी पहिलो, वागेश्वरी उच्च माबि रिचोकटार दोस्रो र ब्राईट फ्युचर बोडिङ तेस्रो भएको थियो ।

प्रतियागितामा विजयि समुहहरुलाई पुरस्कार, प्रमाणपत्र र शैक्षिक सामाग्रि वितरण गरिएको थियो ।

विधार्थिहरुलाई स्वास्थ्य सम्वन्धि चेतना प्रदान गर्ने र स्वास्थ्य सम्वन्धि जानकारी गाउँ समाजमा पुऱ्याउन हाजिरी जवाफ कार्यक्रमको आयोजना गरिएको डाक्टर दिनेश धरेलले बताउनुभयो ।

# पानीको पुकारा गर्दै त्रिशुली नदिमा एकलाख पिपलको पात बगाईयो

**बैरेनी (धास)** । लामो समयदेखि पानी नपरेपछि जिल्लाको बैरेनी गाउँ विकास समिति वडा नम्वर ९ का स्थानीय आमा समुहले पानीको पुकारा गर्दै त्रिशुली नदिमा एकलाख पिपलको पात बगाएका छन् ।

खेतीपातिको सिजनमा लामो समयदेखि पानी नपरेपछि स्थानीय आमा समुहले त्रिशुली नदिमा एकलाखवटा पिपलका पात बगाएका हुन् । आमा समुहले जेठ ३१ गतेदेखि आज सम्म गरी तीन दिनसम्ममा गरी एकलाख वटा पिपलका पात त्रिशुली नदिमा बगाएका हुन् ।

आमा समुहको आयोजनामा भएको कार्यक्रममा दुईसय जनाजति स्थानीयबासीको सहभागिता रहेको थियो । स्थानीयबासीले पानीको पुकारा गर्दै जलधारा पनि गरेका थिए । कार्यक्रममा उपस्थित मानिसहरुले एक आपसमा पानी छ्यापा-छ्याप गर्दै महादेवसँग पानीको माग गरेका थिए । यसरी जलधाराको साथमा पिपलको पात बगाउँदा पानी पर्ने विश्वास गरिएको छ ।

# विद्यालयलाई मासिक दुईहजार सहयोग

**सलाङ (धास)** । व्यक्तिगत रुपमा कसैले विद्यालयलाई नियमित रकम सहयोग गर्दै आएको सुन्दा अचम्म लाग्न सक्छ । तर धादिङको सलाङ गाउँ विकास समिति वडानम्बर ७ सलाङघाटमा रहेको जलेश्वरी निम्न माध्यमिक विद्यालयलाई दुई जना व्यक्तिहरुले नियमित रुपमा विद्यालयलाई मासिक दुईहजार रुपैयाँ सहयोग उपलव्ध गराउँदै आएका छन् ।

नमस्ते ट्रेड एण्ड फेयर ठमेल काडमाडौंका प्रोपाइटर हरिभक्त त्रिपाठी र रमेश त्रिपाठीले विद्यालयलाई नगद सहयोग गर्दै आइरहनुभएको छ । उहाँहरुले २०६६ साल बैशाखदेखि नियमित रुपमा विद्यालयलाई मासिक दुईहजार रुपैयाँ उपलव्ध गराउँदै आउनु भएको छ ।

उहाँहरुले उपलव्ध गराउनु भएको रकम विद्यालयको शैक्षिक विकासका कार्यमा लगानी गर्दै आएको विद्यालयका प्रधानाध्यापक भोजराज अर्यालले बताउनुभयो । विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष समेत रहनु भएका हरिभक्त त्रिपाठीले विद्यालयको शैक्षिक विकासका लागि वैदेशिक सहयोग समेत जुटाउँदै आउनु भएको छ ।

# दिल्ली दौडका, सिल्ली धावक !



✍ ... बद्रीप्रसाद दाहाल

**व्याङ्ग्य**

यथार्थमा उग्र वामपन्थदेखि चरम दक्षिण मञ्चसम्मका स्वघोषित अगुवाहरु कहिले हगुवा हुँदै कहिले भगुवा, फगुवा, लगुवा, बगुवा , चखुवा र गबुवा बन्दै दिल्ली दौडको धोको पूरा गरेर आशीर्वाद , आश्वासन, अनि अह्रोटको पोको बोग्दै मुराद पूरा हुने इष्ट कल्पनामा राजधानी काठमाडौं भित्रिन्छन् । अघिपछि राष्ट्रवादको उग्र भाषण छाँटेर देशका कुनाकाप्चा पुगी कुपथ मच्चाउनेहरुनै सत्ताशिखरमा चढिरहन पाउने उद्दाम रणनीतिमा पहिल्यै देखिका खेलाडीहरुको यो उपक्रमलाई अझ उछिनेर वर्तमान नेतृत्व पुस्ता झन् अगाडि छ । 'साम्राज्यवादी, विस्तारवादी, प्रभुत्ववादी, दादावादी' जस्ता शब्दाडम्वरमार्फत नाट्यशालामा बर्बराउनेहरु नेपथ्यको अन्तरङ्गमा दङ्ग भएर खुसामद, चाकडी र सेवामा कान समातेर उठबस गर्ने चमेरे ढौँगले अहिले चर्को बजार लिएको छ ।

सोझा र इमान्दार देशभक्त आत्मामा राष्ट्रवादको भाङ पिलाएर बेहोसमा उफारी दक्षिणतिर धारे हात लगाई उर्लने धेरै तारे, तिल्के र झिल्के नेपाली नेताका हुतिलाई जनताले छाम्दा पनि घोर बकबासबाट यिनीहरु अबकाश लिनै चाहँदैनन् बा ! बाहिर-बाहिर घृणा, तिरस्कार र श्रापको ड्रामा मञ्चन गरेर भित्र भित्र धाप मारिन दिल्ली दौडमा नेपालका कथित क्रान्तिकारीदेखि भ्रान्तिकारी सम्मका नेता फेटा बाँधेर विभिन्न बाहानामा धावक बन्ने कसरत यथावत्लाई उच्छिन्नै समर्थ छ । देशमै उपचार हुन सक्ने मृगौला, मुटु सुगर, क्यान्सर जस्ता संवेदनशील रोगदेखि अन्य साधारण प्रकृतिका विरामीमा समेत हरामी बनेर राष्ट्रकोषलाई जखम गरी विदेश भ्रमण गर्ने सत्तासीन अनि त्यसका निकटहरुको उत्कट रमण र विहारउन्माद झन् बढ्दो छ। वास्तवमा धार्मिक, सांस्कृतिक, व्यापारिक तथा भाषिक दृष्टिकोणले निकट दिल्ली राजनीतिक दृष्टिकोणमा "मक्का मदिना नै हो " भनेर कैयौं नेताहरुले मुख फोरेर आफ्नो भक्ति गाथालाई शक्तिमाथाले अभिनन्दन गरेको त हामीले सुनेकै छौं ।

यता केही समयदेखि जनताले ठाउँ-ठाउँ बाट हुत्याएर कुँडाकर्कट पारीएकाहरु दिल्ली दौडले उध्याईएर अर्जापिएका खुँडा खुकुरी बनेको नाङ्गो दृष्यले बाङ्गो बोल्नै नजाल्ले नेपाली जनता दिक्क वाक्क छन् । पाएसम्म एक नेताले अर्को नेतालाई डिल्लीभक्त भनेर खिल्ली उडाई उल्लीबिल्ली मच्चाउदाँ सिल्लीहरु आ-आफ्नो लगौटी फुस्किएको पत्तै पाउदैनन् गाँठे ! " मान नमान मै तेरा मेहमान " भन्ने अड्डी लिएर सत्ताको हड्डी चुस्न बूढा बाघदेखि घोर्ले श्याल सम्म दिल्ली भ्रमणलाई "पशुपतिको जात्रा सिद्राको ब्यापार " गरेको गर्‍यै छन् । डिप्रेसन , फ्रसटेसन, अप्रेसन, सेप्रेसन, कोअप्रेसन , योगा र तीर्थाटनदेखि कानेखुसीसम्मका काम तमाम गर्न दिल्लीदौड सिल्लीहरुको अनिवार्य तमासा बनेको छ । सत्ता शिखरबाट खुर्मुरिन्छ कि भनेर चिल्लीबिल्ली गर्दै डिल्लीतिर हानिनेको लर्को अहिले औधी बढेको छ । यता सत्ता शिखरमा बिना फिकर उभ्भिन लैनचौर लाजिम्पाटतिरका बुधका प्रतिक सुदसित साँझबिहान खूद आफै दर्शन गर्न हिड्नेहरु पनि छ्यासछ्यासती छन् । भेट लगत्तै राकेशलाई राकस अर्थात् राक्षस र सूदलाई झेली भान्से भन्दै अपशब्दमा चेतावनीको वक्तब्यबाजी चलाईन्छ। मायावी रणनीति र कार्यनीतिका जादुगरहरुको चमत्कारको नाटक घतलाग्दो छ । राष्ट्रियता , राष्ट्रवाद , सार्वभौमिकता र अखण्डताका शब्द गरिमामाथि धब्बा लगाएर यिनलाई बिटुल्याउने कसरतले विद्रूप विदूषकीय पात्रत्वको प्रतिनिधित्व जमेर गरेको छ । राष्ट्रिय स्वार्थलाई परमार्थ ठम्याउने देशभक्त भावना चिप्ल्याएर कठपुतली बन्ने प्रतियोगितामा फुटपाथका झुम्रे कुकुर झैं शीर्षनेता, प्रभावशालीनेता, राजनेता जस्ता शब्दहरुलाई इति र अवमूल्यनगर्दै उपसचिव र सहसचिव जत्तिकै हैसियतका राजनयज्ञहरुसित अनुनयी तथा विनयी बन्ने कोसिसले कहीँ नभएको जात्रा हाँडी गाउँमा भएको हैन त ? सत्ताको झिल्ली अर्थात् ध्वजा फहराउन उल्लीबिल्ली बनेर दक्षिण दाहिना गराउने भित्री उमेदले सधैं सबै अगुवाको दिल्ली दौड सिल्लीहरुको तीर्थाटन, शीर्षासन र सत्तासन बनेको छ भनेर साधारणीकरण भै सक्यो ।

त्यसैले राजनीतिक खेलाडीहरु ! आफ्नो धावनलाई जनमतको वाहन बनाऊ । सत्तामा मात्र अर्जुन दृष्टि राख्नेहरु ! दिल्लीप्रति सधैं सिल्ली बनेर आशालु नजरमा पार्थदृष्टिलाई न फ्याँक । माटोमा उभिएर गाँठो फुकाउ, भूगोलमा टेकेर समस्याको गोल गर , शक्तिकेन्द्र भन्दा जनतामा विश्वासको श्वासप्रश्वास फेर !

# विभिन्न विद्यालयमा अनेरास्ववियु प्रा.क. गठन

**धादिङ (धास)** । संगठन विस्तारको क्रममा जिल्लाको जिवनपुर गाउँ बिकास समितिको वडा नम्बर ६ मा रहेको धुनिबेसी आदर्श क्याम्पसमा अनेरास्ववियु क्याम्पस कमिटिको गठन गरिएको छ। अनेरास्ववियु केन्द्रिय सचिवालय सदस्य रमेश आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको विधार्थीहरुको भेलाले रामशरण खकुरेलको अध्यक्षतामा नौ सदस्यिय क्याम्पस कमिटिको गठन गरेको हो।

क्याम्पस कमिटिको उपाध्यक्षमा अशोक रुपाखेती, सचिवमा विनोद गिरी, सह सचिवमा लक्ष्मण तामाङ र कोषाध्यक्षमा कल्पना रुपाखेती रहनु भएको छ। क्याम्पस कमिटि गठन कार्यक्रममा अनेरास्ववियु धादिङका अध्यक्ष हरि थापा , लगाएतका विधार्थि नेताहरुको आतिथ्य रहेको थियो। त्यसैगरि जिवनपुर गाउँ विकास समितिको वडा नम्बर ६ मा रहेको महेशधर्म उच्च मावि मा पनि नवराज भटराईको अध्यक्षतामा १५ सदस्यिय अनेरास्ववियु उच्च मावि प्रारम्भिक कमिटिको गठन गरिएको छ। यसैगरी नमुना वागेश्वरी बहुमुखि क्याम्पस वैरेनिमा पनि अनेरास्ववियु प्रारम्भिक कमिटिको गठन गरिएको छ।

अनेरास्ववियुका केन्द्रिय सदस्य रमेश खतिवडाको प्रमुख आतिथ्यमा सम्पनन भएको विधार्थिहरुको भेलाले दिलबहादुर रम्तेल अध्यक्ष रहनुभएको २२ सदस्यिय प्रारम्भिक कमिटिको गठन गरेको हो। प्रारम्भिक कमिटिको उपाध्यक्षमा दिपा अधिकारी, सचिवमा शिव श्रेष्ठ, सहसचिवमा हरि परियार र कोषाध्यक्षमा सानु लामा रहनुभएको छ। कार्यक्रममा अनेरास्वबियुका केन्द्रिय सदस्य ज्योती शर्मा, जिल्ला कमिटि उपाध्यक्ष रमेश थापा, सचिव रामकुमार श्रेष्ठ, सदसय राजन पण्डित लगाएतको उपस्थिति रहेको थियो । विधार्थिहरुको भेलाले पार्वती नेपालको संयोजकत्वमा महिला विभागको समेत गठन गरेको छ।

त्यसैगरि आजै किराञ्चोक गाविसको वडा नम्बर नौ मा रहेको किराञ्चोक कटुञ्जे माविमा अशोक अधिकारीको अध्यक्षतामा ३५ सदस्यीय अनेरास्वबियु प्रारम्भिक कमिटिको गठन गरिएको छ।

अनेरास्ववियु जिल्ला कमिटिका उपाध्यक्ष रमेश थापा र सदस्य राजन पण्डितको उपस्थितिमा सम्पन्न विधार्थिहरुको भेलाले कमिटिको गठन गरेको हो। प्रारम्भिक कमिटिको उपाध्यक्षमा विपना अधिकारी, सचिवमा विवेक न्यौपाने, सह सचिवमा सुसिला अधिकारी, र कोषाध्यक्षमा मञ्जु अधिकारी रहनु भएको छ।

# स्वागत तथा विदाई कार्यक्रम सम्पन्न

**मुरली भञ्ज्याङ (घास)** । मुरली भञ्ज्याङ गाविस वडा नं.२ ससाह स्थित देउराली मा वि ले २०६७ साल असार ४ गते शुक्रबार नंया विद्यार्थीहरुलाई स्वागत तथा २०६६ सालमा एस एल सी दिएका विद्यार्थीहरुलाई विधाई गरेका थिए। उक्त कार्यक्रम सुकुमाया तामाङको अध्यक्षतामा संम्पन्न भएको थियो ।

सो कार्यक्रमका प्रमुख अतिथी देउराली मा. वि का प्रधानाध्यापक खील बहादुर धमला र अन्य अतिथिहरुले विद्यार्थीहरुलाई मायाको चिनो सहित विभिन्न सास्कृतिक कार्यक्रम का साथ सम्पन्न भएको थियो ।

## स्वास्थ्य

# पाठेघर खस्ने समस्या

नेपाली महिलाहरुको प्रजनन् स्वास्थ्यसम्बन्धी समस्याहरुमध्ये पाठेघर खस्ने वा आङ खस्ने पनि एक मुख्य समस्या हो । विशेष गरी ग्रामीण भागमा बसोबास गर्ने गाउँघरका कतिपय महिलाहरुले यसलाई समस्याको रुपमा नलिई बच्चा भएपछि हुने साधारण असरका रुपमा लिने गरेको पाइन्छ । अर्का तर्फ प्रजनन अंग र यसको कामको बारेमा हाम्रो परिवार/समाजमा निकै न्यून मात्रामा छलफल गरिन्छ, यस्ता कुरा परिवारको ठूला साना सदस्यसँग गर्दा लाज र इज्जत जाने कुरा सम्झिने गदर्छन् । पाठेघर सम्बन्धि समस्या पनि प्रजनन सम्बन्धि कुरा भएकाले पिडीत महिलाहरु कसैलाई पनि आफ्ना समस्या भन्न नसक्ने र उपचारमा पनि नजाने गर्दछन् । यसले गर्दा उनीहरु यो रोगबाट मानसिक, शारीरिक रुपमा अझ भनौ श्रीमानबाट पनि पिडीत भइरहन्छिन् ।

**पाठेघर खस्ने समस्या भनेको केहो ?**

पाठेघर खस्नु भनेको महिलाको शरीरमा पाठेघर रहनुपर्ने निश्चित ठाउँ छाडेर योनीबाट बाहिर आउनु वा शरीरभित्रै आफ्नो ठाउँ छोडेर तल खस्नु हो । यो समस्या मुख्यतया पहिलो बच्चा पाएको महिला तथा धेरै बच्चा पाएका महिला जो सुकैलाई हुनसक्छ, यसालई गाउँठाउँअनुसार पाठेघर खस्ने वा आङ खस्नु भनिन्छ ।

**पाठेघर के कारणले खस्दछ ?**

महिलाको पाठेघर खस्नुको मुख्य कारण उनको गर्भाशयलाई बाँधेर राख्ने नशाहरु कमजोर भएर त्यससँग जोडिएका अंगहरु बिस्तारै तल खस्नाले हुन्छ। पाठेघर खस्नुका मुख्य कारणहरु तल दिइएको छ ।

- कम उमेरमा विवाह गर्नाले ।
- कम उमेरमा बच्चा जन्माउनाले र गर्भान्तर नगरि वर्षेनी बच्चा जन्माउनाले ।
- बच्चा जन्मिसकेपछि चाँडै साल झरेन भनेर बल प्रयोग गरी साल निकाल्नाले ।
- सुत्केरी बेलामा टुक्रुक्क बसेर लुगा धुने वा गह्रौं कामहरु गर्नाले ।
- गर्भवती वा सुत्केरी अवस्थामा राम्रो स्याहार नपाउनाले ।
- सुत्केरी अवस्थामा धेरै हिंड्ने, गह्रैं भारी उचाल्ने/बोक्ने गर्नाले ।
- चुरोट खाएर बारम्बार खोकी रहनाले ।

**पाठेघर खस्दा देखिने लक्षणाहरु :**

- यस्तो बेला टुक्रुक्क बस्दा केही अप्ठ्यारो हुन्छ र ढाड पनि दुख्छ ।
- खोक्दा, टुक्रुक्क बस्दा, बल गरेर कन्दा पाठेघर मुख योनीको प्लामा देख्न सकिन्छ । यस्तो अवस्थामा पाठेघरले पिसाबको थैलीलाई थिच्ने भएकाले छिनछिनमा पिसाब लाग्ने, कम्मर दुख्ने, खोक्दा, भारी बोक्दा योनीको मुखमा केही डल्लो आएर बसेको जस्तो हुन्छ ।
- पुरै ठाउँ छोडी केही भाग योनी बाहिर पनि निस्कन सक्दछ ।
- खोक्दा, हाँस्दा, अलिअलि पिसाब चुहिने पनि हुनसक्छ ।
- बाहिर निस्केको पाठेघरमा घाउ हुने, संक्रमण हुने, हिंड्न गाह्रो हुने, ढाड दुख्ने हुनसक्छ ।

**पाठेघर खसेपछि पर्ने समस्या :**

हाम्रो समाजमा धेरै महिला तथा परिवारले महिलाको पाठेघर खस्ने समस्यालाई समस्याको रुपमा नलिई यसलाई बच्चा भएपछि हुने साधारण शारीरिक समस्या हो भनी लिने गरेको पाइन्छ । तर, त्यसो होइन, यो महिलाहरुभित्र लुकेको एउटा ठूलो शारीरिक तथा मानसिक समस्या हो । मुख्यतया उनमा निम्न समस्याहरु आउनसक्छन् ।

**पाठेघर खस्नबाट बचने उपायहरु :**

- बालविवाह गर्नु हुँदैन र २० वर्ष पुगेपछि मात्र विवाह गर्नु पर्दछ । यदि बालविवाह भए पनि २० वर्षअगाडि बच्चा जन्माउनु हुँदैन ।
- सकेसम्म स्वास्थ्य संस्थामा गई दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउनु पर्दछ ।
- व्यथा लाग्नासाथ चाँडै बच्चा निकाल्न पेटमाथि थिच्नु हुँदैन ।
- सुत्केरी भएको कम्तीमा ६ हप्तासम्म आराम गर्नुपर्छ ।
- गर्भावस्था र सुत्केरी अवस्थामा गह्रुङ्गो भारी बोक्नु हुँदैन ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खाना प्रर्याप्त मात्रामा खानु पर्दछ र प्रर्याप्त आराम गर्नुपर्दछ ।
- वर्षेनि बच्चा नजन्माउन परिवार नियोजनका साधन अपनाई ३ वर्षदेखि ५ वर्षसम्मको गर्भान्तर राख्नु पर्दछ ।

**जिल्ला स्वास्थ्य कार्यालय धादिङ**

# नो अपडेटेडको मन्त्र ...



✍ ... राजाराम शर्मा

dhadingawaj.com

प्रसंग एकदिनको यात्राको । काठमाडौं जाने क्रममा मछेडी खोला, खेस्टे खोलादेखि केहि दिदीबहिनीहरु आफूले बोकेको भारी गाडिमा बिसाउँदै थिए । अलि पर पुगेछि सोधें के को भारी हो यो ? उनिहरुले भन्न चाहेनन् । तर कुरा बुझियो ।

भोलिपल्ट बनेपा जाँदै थिएँ । साँगाबाट बनेपातिर त्यसैगरि भारी गाडिमा राखियो । त्यो पनि त्यहि थियो । अर्कोदिन नारायणघाट जाँदै गर्दा फिस्लिङबाट त्यस्तै भारी मुग्लिन पुऱ्याइयो । केहिबेर पछि दासढुंगातिरबाट त्यस्तै भारी र ामनगर ओरालियो ।

बुझ्दै जाँदा सबै भारी एकै प्रकारको थियो मात्र फरक परिमाणको । र ती सबै भारी भनौं या ग्यालिनमा थिए लोकल उत्पादन रक्सि ।

नेपालमा एकसय एक जातजाति रहेका छन्, भनिएको छ । हामीले भन्ने गरेको सामन्ती व्यवहारमा हुर्किएका, उपल्लोजातमा गनिएका बाहुन र क्षेत्री अर्थात खस सम्प्रदाय बाहेक अरु धेरैका घर-घर मा सांस्कृतिक प्रचलनको नाममा घर लु रक्सिलाई पवित्र प्रसादका रुपमा लिने गरेको पाईन्छ ।

पर्दा पछाडि त उपल्लो भनेको खस सम्प्रदायले झन बढि प्रयोग गरेको देखिन्छ, सुनिन्छ । यसो भनिर हँदा कोहि संयम व्यक्तित्वहरुको भावनामा चोट पुग्न सक्छ । एकसय एक जातजातिमै कतिपयलाई यो प्रयोग त के यसको नामै सुन्न नपरोस भन्ने पनि लाग्न सक्छ । उहाँहरु अवस्य पनि धन्यवादको पात्र हुनुहुन्छ र वहुसंख्यकको हिसाव-किताव मात्र यहाँ गर्न खोजिएको हो ।

पुजाखेखि पितृसम्म, कोशेलीदेखि कोकासम्म, घर बाहिर जाने बेलादेखि घर भित्रिने बेलासम्म, सम्मानका पार्टीदेखि अपमानका साथीहरुसम्म, भूतप्रतलाई विदा गर्नेदेखि दूतहरुलाई स्वागत गर्नसम्म रक्सिलाई विभिन्न अपसरहरुमा उत्कृष्ट वस्तुको रुपमा लिने गरेको पाईन्छ ।

नेपालमा रक्सिको महत्व दुध त के अमृतको पनि छैन । त्यसैले त र क्सि भन्ने जात जहाँतहिँ पाईन्छ-अमृत कहाँ पाईन्छ ?

यसो अनुमान गरौं त नेपालका कुनचाहिँ रक्सि कम्पनि घाटामा चलेको छ । बरु पैसा कमाएपछि कम्पनिका मालिक फेरिन सक्छन् तर रक्सि फेरि दैनन् । स्थानीय तहमा बन्ने अर्थात् घरेलु ठर्रा कति उत्पादन हुन्छ होला ? यसको कुनै तथ्यांकै छैन ।

खस समुदाय बाहेक गाउँघरका अधिकांशले लोकल उत्पादन गरेर घर खर्चै चलाएका छन् । शहरका कुनै पनि भट्टिले ग्राहाक नपाएका छैनन् । त्यत्तिकै घुईंचो अंग्रजी सराव राखिएका रेष्टुरेन्टमा छ । ग्राहाक नपाएर तालुमा हात राखेर बसेको कोहि भेट्टिन्नन् । बरु त्यहाँ त चौविस घण्टे पनि भेट्टिन्छन् । बरु वर्षौवर्ष दुधडेरी चलाएकाहरु टाट पल्टिइका छन् । कोहि त दुधडेरी छाडेर भट्टितिरै लागेका छन् पैसा कमाउन ।

नेपालमा त सरकारलेनै मदिर ालाई कुटनीतिक पेयका रुपमा प्रयोग गरेको छ । विदेशी पाहुनालाई स्वागत गर्नु पऱ्यो भने त्यसैले स्वागत गरि न्छ । के पहिलेका सामन्त, के अग्रपंतिका क्रान्तिकारी, के पुँजीवादी, के सर्वहारावादी सबैले यसलाई अंगिकार गरेकै छन् ।

हाम्रो त समाज नै यस्तो भएको छ कि प्रत्येक घरमा रक्सिको प्रवेश हुनै लागिसक्यो । दिनभर अरुको कुरा काटेर चोकमा कुर्लने र नो अपडेटेडको मन्त्र जप्नेहरु साँझ परेपछि भट्टिमै झुमेको सुनिन थालियो । बाहिर देख्दा अधिकांशले रक्सिको विरोध गरेको पाईन्छ । सदाचार र शिष्टताको पाठ पढाउनेहरु र तिनकै आदर्श व्यक्तित्वहरु पाँचतारे र रिसोर्टमा झुम्न थालिसके ।

# कृषिका लागि रकम सहयोग

**फुलखर्कक(धास)** । कृषि पेशा मर्यादित र व्यवसायिक बन्न नसकेको गुनासो आइरहेको बेला धादिङ फुलखर्कका किसानहरुले भने कृषि कार्यका लागि रकम प्राप्त गरेका छन् ।

दिगो भू-व्यवस्थापन कार्यक्रम एस.एस.एम.पिको सहयोगमा किसान-किसान कृषि प्रसार समिति धादिङले दिगो कृषि प्रसारका लागि किसानहरुलाई रकम सहयोग गरेको हो । जिल्लामा कृषि प्राविधिकहरुको संख्या कम भएका कारण अनुभवी अगुवा किसानलाई परिचालन गर्न र किसानहरुमा सेवा खरिद गर्ने बानीको विकास गर्न रकम सहयोग गरिएको समितिले जनाएको छ । फुलखर्क गाउँ विकास समितिमा आयोजित एक कार्यक्रममा छनोटमा परेका किसान समूहहरुलाई जिल्ला कृषि विकास कार्यालय धादिङका कृषि प्रसार अधिकृत चक्रपाणी पन्थीले रकम हस्तान्तरण गर्नु भयो । हस्तान्तरण गरिएको रकम मध्ये हरियाली महिला वचत समूहलाई नौ हजार एकसय ४०, प्रज्वलित बाली विकास समूहलाई नौ हजार छ सय ५०, शिवालय सामुदायिक विकास वन समूहलाई नौ हजार छ सय ५० रुपैयाँ उपलब्ध गराइएको छ ।

त्यसैगरि मण्डली आय-आर्जन समूहलाई आठ हजार छ सय ३० रुपैयाँ, नमूना कृषि समूहलाई नौ हजार नौ सय ९० रुपैयाँ र खसि पालन कृषि समूहलाई आठ हजार छ सय ३० रुपैयाँ उपलब्ध गराइएको छ । किसान समूहले प्राप्त गरेको रकम गोठेमल सुधार, पशुमुत्र संकलन तथा सदुपयोग, दिगो भू-व्यवस्थापन मुखी तरकारीखेती लगायतका काममा लगानी गर्ने बताएका छन् । यसैबिच विकेन्द्रिकृत एवं सहभागितात्मक कृषि प्रसारका लागि फुलखर्क गाविस स्तरीय सर ोकारवाला गोष्ठि पनि हिजै सम्पन्न गरिएको छ ।

गाविस सचिव ठाकुर सिंखडाको अध्यक्षतामा भएको गोष्ठिमा फुलखर्कका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, जिल्ला कृषि विकास कार्यालय धादिङका कृषि प्रसार अधिकृत चक्रपाणी पन्थी, दिगो भू-व्यवस्थापन कार्यक्रम एस.एस.एम.पिका फिल्ड अफिसर रस्मि पण्डित, किसान-किसान कृषि प्रसार समिति धादिङ सदस्य सचिव दामोदर अर्याल लगायतले विद्यमान कृषि व्यवसाय, यसका सम्भावना र चुनौतिका बारेमा बताउनु भएको थियो ।

# माओवादीका कार्यकर्ताले एमाले कुटे

**बैरेनी (धास)** । नेकपा एमाले बैरेनी गाउँ पार्टी कमिटिका सदस्य कृष्णप्रसाद अधिकारी एकिकृत नेकपा माओवादीका कार्यकर्ताको कुटपिटबाट घाइते हुनुभएको छ । किराञ्चोक गाविस वडा नम्वर ८ स्थित भोजबहादुर भण्डारीको पसलमा बसिरहेको अवस्थामा कृष्णप्रसाद अधिकारीलाई एकिकृत नेकपा माओवादी बैरेनी गाउँ पार्टी कमिटिका अध्यक्ष उत्तम अधिकारी र पुष्पराज अधिकारीको नेतृत्वमा गएको एक समुहले कुटपिट गरी घाइते बनाएका नेकपा एमाले बैर ेनीले जनाएको छ ।

कुटपिटबाट गम्भिर घाइते भएका अधिकारीको काठमाण्डौ स्थित मनमोहन मेमोरियल अस्पतालमा उपचार भइरहेको छ । घटना आज विहान ११:३० बजे भएको नेकपा एमाले बैरेनी गाउँ पार्टी कमिटिले जनाएको छ । तर यस सम्बन्धमा एकिकृत नेकपा माओवादी धादिङका सहइन्चार्ज रामबहादुर भण्डार ीले सो घटनामा एकिकृत नेकपा माओवादीको कुनै संलग्नता नरहेको बताउनुभएको छ ।

## चित्रगुप्तको चक्षु

# हेर्नेलाई भन्दा देख्नेलाई लाज

यसपटक चित्रगुप्ता मिरमिरे साँझमा आफन्तको खोपीमा निस्केको थियो । आफन्त नभेटिएपछि निराश चित्रगुप्त एउटा सार्वजनिक कार्यक्रममा भाग लिन गयो । हेर्नेलाई भन्दा देख्नेलाई लाज भनेजस्तो नाटकिए मञ्चमा पुगेको चित्रगुप्ता सबैलाई हेरीमात्र रह्यो ।

असहाय खासै केही नबुझ्केका मानिसहरुको भिडमा टाठा बाठाहरुको मच्चीएको थाहा नपाएका, मानिसहरुलाई आदर्श सुनाएको देखेर चित्र गुप्ता अचम्म मानिरहेको थियो । बिचरा जसले जहाँ बोलायो त्यहीँ जानुपर्ने नबुभ्दापनी सुनीरहनु पर्ने अमुख मानीसको मन्तव्य भाषणबाट आजित भएका जनताहरुको फेरी सुन्नुपरेको ति भाषणलाई ध्यानमग्न भएर सुनिरहे ।

चित्रगुप्ता जन्मको फल यात्राको सहयात्री र भोगाई भित्रको यथार्तता भन्ने ठानी अहिले सम्मको सबै विषयलाई सत्य ठानी आफ्नो कर्मक्षेत्रमा लाग्यो इमान्दार जनता र बाठा नेता र भाषण कर्तालाई हेरी चित्त बुझाएको चित्रगुप्ता फेरीपनी चित्त नै बुझाएर कर्मक्षेत्रमा फर्कियो ।


## प्रतीक कम्प्युटर मर्मत केन्द्र

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ ।

**तिलक क्षेत्री**

**फोनः ९८४१६५६१११, ९७५१०९७७७८**

**धादिङबेसी बीचबजार,**

**राष्ट्रिय वाणिज्य बैंक संगैको तल्लो घर**

## के तपाइलाई थाहा छ ?

विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, गाइड, गेसपेपरका साथै स्टेशनरी सामानहरु र मोवाईलको रिचार्जकार्डहरु यहा पाइन्छ ।
साथै कस्मेटिक सम्बन्धी सम्पूर्ण सामाग्रीहरु पनि पाइन्छ ।

प्रो. राजन लम्साल

**राजन स्टेशनरी एण्ड गिफ्ट ग्यालरी**

मुरलीभञ्ज्याङ-७, निगालपानी
सम्पर्क : ९८४१७१७८५८, ९८४१६५६६५३

## हामीलाई सम्झनुहोस

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. नारायणकुमार श्रेष्ठ

**त्रिपुरा पुस्तक पसल धादिङवेसी**

फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७



**पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।**

## धादिङ आवाज साप्ताहिक

नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,
dhadingvoice@gmail.com, web: dhadingawaj.com.np